"समृद्ध खाँदबारी नगर"

# खाँदवारी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय

खाँदवारी, सङ्खुवासभा

कोशी प्रदेश, नेपाल ।

## नगरप्रहरी सहायक निरीक्षक तथा जवान पदको करारमा भर्ना लिने सम्बन्धी सूचना

### सूचना प्रकाशित मिति : २०८३/०२/२६

यस नगरपालिकाको लागि देहायबमोजिम योग्यता भएको नगरप्रहरी सहायक निरीक्षक करारमा आवश्यक भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र मागबमोजिमको विवरण र यस नगरपालिकाको राजस्व उपशाखा/इकाईमा राजस्व तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

देहाय :

| क.सं. | विज्ञापन नं. | पद | तह | माग पदसंख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | ४/२०८२/०८३ | नगरप्रहरी सहायक निरीक्षक | पाँचौ | १ (एक) | खुल्ला |
| २. | ५/२०८२/०८३ | नगरप्रहरी जवान | पहिलो | २ (दुई) | खुल्ला |

१. सेवाको किसिम : करार सेवा ।

२. आवश्यक न्यूनतम योग्यता :

- १८ वर्ष पुराभई ३५ वर्ष ननाघेको महिलाको हकमा ४० वर्ष ननाघेको वहालवाला नगर प्रहरीको हकमा उमेर हद लाग्नेछैन । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्रप्रहरी बल, वेलायती सेना, भारतीय सेना, सिंगापुर प्रहरी वा सेनाबाट अवकाश पाएकाहरुलाई उमेरको हद लाग्ने छैन ।
- नगरप्रहरी सहायक निरीक्षक पदको लागि मान्यता प्राप्त शिक्षण संस्था/विश्वविद्यालयबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण भएको अन्य पदको हकमा एसएलसी/एसईई वा सो सरह उर्त्तिण गरेको।
- नगरप्रहरी जवानको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित बिषयमा एस. एल. सि., एस. ई. ई. वा सो सरह उत्तीर्ण भएको वा साथै सि. जि. पि. ए. मा लब्धाङ्कपत्र हुनेहरुको हकमा सम्पूर्ण विषयमा न्यूनतम सि.ग्रेड प्राप्त गरी न्यूनतम जि.पि.ए. २.०० हुनुपर्नेछ ।
- नेपाली नागरिकता प्रमाणपत्र ।
- सवारीचालक अनुमति प्राप्त भएको ।
- नगरप्रहरी सहायक निरीक्षक पदको लागि भू.पु.को हकमा, सुरक्षाकर्मी अवश्थामा सेक्सन कमाण्डार,कमाण्डर कुनै युनिटको इन्चार्ज भई कमाण्ड सम्मालेको अनुभव प्राप्त/तालिम लिएको हुनुपर्नेछ ।
- नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।
- कुनै राजनीतिक दलको सदस्य नरहेको ।
- मानव अधिकार र मानवीय कानूनको उल्लङ्घनमा सजाय नपाएको ।
- आतङ्ककारी संगठनको सदस्य नरहेको ।
- प्रचलित कानून तथा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना ऐन तथा नियमावलीमा तोकिए बमोजिम शारीरिक रुपमा तन्दुरुस्त रहेको ।

३. पारिश्रमिक तथा सेवासुविधा : करार सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ ।

४. उमेर : १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ, महिलाको हकमा ४० वर्ष ननाघेको तथा वहालवाला नगर प्रहरीको हकमा उमेर हद लाग्नेछैन । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्रप्रहरी बल, वेलायती सेना, भारतीय सेना, सिंगापुर प्रहरी वा सेनाबाट अवकाश पाएकाहरुलाई **स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०** मा भएको व्यवस्था अनुसार नै अवकाशको उमेर हुनेछ साथै सेवा प्रवेशमा उमेर हद लाग्ने छैन ।

५. परीक्षाको किसिम : शारीरिक तन्दुरुस्ती, लिखित तथा अन्तरवार्ता ।

प्रमुख प्रशासकीय अधिकृत

६. दरखास्तसाथ संलग्न हुनुपर्ने आवश्यक कागजातहरु:

- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
- शैक्षिक योग्यता, तालिम तथा अनुभवको प्रमाणपत्रहरुको प्रतिलिपि ।

७. आवेदन शुल्क : सहायक निरिक्षक पदको लागि रु. ४००।- (चारसय मात्र) जवानको लागि रु. ३००।- (तीन सय मात्र) ।

८. दरखास्तको ढाँचा : यस नगरपालिकाको वेवसाइट www.khandbarimun.gov.np बाट वा नगरपालिकाको प्रशासन उपशाखामा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ ।

९. करार सेवा अवधि : नियमानुसार/करार सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ ।

१०. दरखास्त दिने अन्तिम मिति : २०८३/०३/०९ गते कार्यालय समयभित्र । सो दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट कार्यालय समयभित्र ।

११. पाठ्यक्रम : सम्बन्धित पदको लागि लोक सेवा आयोगले तोकेबमोजिम ।

१२. सम्पर्क मिति : २०८३/०३/०९ गते सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट ।

पदम प्रसाद बजगाईं
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत